संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल फागुन ४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले कोभिड-१९ लगायतका कारणहरुबाट सभाले सामान्यतया बैठकमा व्यतित गर्नुपर्ने समयमा अपेक्षाकृत न्यूनता आएको, सभाको लागि उपलब्ध समयमा पनि भएका अवरोधबाट सभाको गतिशिलतामा असर परेको, नागरिकका दैनिक समस्याहरु जनप्रतिनिधिले सदन मार्फत् सरकारलाई सुनाउने, समाधानको प्रयत्न गर्ने, सरकारलाई संसदप्रति उत्तरदायी बनाउने, कानून निर्माण एवं निगरानी गर्ने कार्यहरु समेत प्रभावित हुन पुगेकोले आफ्नो भूमिकाप्रति संवेदनशिल हुन सम्बन्धित मा० सदस्यहरुलाई अनुरोध गर्नुभयो ।

साथै उहाँले राज्य सञ्चालनका लागि आवश्यक पर्ने ४२ वटा विधेयकहरु सभामा विचाराधीन रहेको, सभाको बैठकको क्रमिक अवरोधको सम्बन्धमा आम नागरिक, नागरिक समाज, बौद्धिक समुदाय, निजी क्षेत्र, सञ्चार जगत लगायत सबैबाट चिन्ता र गुनासो अभिव्यक्त हुन थालेको कुरा व्यक्त गर्दै संसद नागरिकबाट नागरिकको लागि सृजित सर्वोच्च निकाय हो, आफ्ना मत मतान्तरलाई विधि र प्रक्रियाभित्रै यस सम्मानीत सदनमा राख्न र बैठक सहज सञ्चालनको बातावरण बनाउन सम्वन्धित सबैमा अनुरोध गर्नुका साथै विपक्षी दलका शीर्ष एवं अन्य नेताहरुले पनि छलफल तथा संवाद मार्फत् अवरोध खुलाउनु पर्नेमा समेत जोड दिनुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सम्माननीय सभामुखले दैनिक कार्यसूचीको कार्यक्रम अगाडि बढाउनु भएपछि सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडुले "थारु आयोगको तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८" पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संविधानसभा सदस्यहरु जगतबहादुर ताजपुरिया र डा० दुमनसिंह थापा एवं राष्ट्रियसभा सदस्य लक्ष्मीदाश मानन्धरको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु सभामा प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो :-

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेसको तर्फबाट २०६४ सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य, सरल र मिलनसार राजनीतिज्ञको रुपमा परिचित नेता जगतबहादुर ताजपुरियाको ७८ वर्षको उमेरमा मिति २०७८ साल पुस १७ गते शनिबार राती निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक राष्ट्रिय सभामा २०५८ सालमा तत्कालिन नेकपा (एमाले) को तर्फबाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका निष्ठावान नेता श्री लक्ष्मीदास मानन्धरको ९३ वर्षको उमेरमा मिति २०७८ माघ ६ गते बिहिवार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभामा तत्कालिन नेकपा (एमाले) को तर्फबाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका, हाल नेकपा (एकिकृत समाजवादी)मा रहनुभएका सरल र मिलनसार नेता डा० दुमन सिंह थापाको ६३ वर्षको उमेरमा मिति २०७८ माघ १६ गते आइतवार निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त दिवंगत जगतबहादुर ताजपुरिया, लक्ष्मीदाश मानन्धर र डा० दुमनसिंह थापाको निधनप्रति शोक व्यक्त गर्न सभाले उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७८ साल फागुन ६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको १:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव